प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

## इटहरी, सुनसरी

## प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको वर्गिकृत (निशूल्क) छात्रवृत्ति तर्फको नतिजा प्रकाशन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको मिति २०७८/०८/०८ गते प्रकाशित सूचना अनुसार यस प्रदेश भित्र संचालित आंगिक, टेक्स, साझेदारी र निजि स्तरका शिक्षण संस्थाहरुमा प्रमाण–पत्र तहमा संचालित नर्सिङ कार्यक्रममा शैक्षिक सत्र २०७८/०७९ का लागि परिषद् परीक्षा नियन्त्रण कार्यालयको "डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धि निर्देशिका २०७४ (चौथो संशोधन २०७८)" तथा सूचनामा उल्लेख भएबमोजिम निशुल्क छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुबाट परीक्षा नियन्त्रण कार्यालयले तोके बमोजिम निर्धारित मिति र समयभित्र **Online** फारम भरेका योग्य आवेदकहरुको परिषद् परिक्षा नियन्त्रण कार्यालयले जारी गरेको भर्ना निर्देशिका बमोजिम रुजु गरी नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । नतिजा प्रकाशन गर्ने क्रममा आवेदकहरुले अनलाईन पेश गरेको प्रमाणपत्रहरु फरक परि वा रितपूर्वकका कागजातहरु अपुग भई नतिजामा फरक पर्न गएमा सम्बन्धित आवेदक नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै सिफारिस गरिएका मुख्य सफल विद्यार्थीहरुले यसै सूचनालाई आधार मानी मिति २०७८/०९/२७ गते सम्म तोकिएको शिक्षण संस्थामा कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाण–पत्र, सरकारी/ सामुदायीक विद्यालय अध्ययन गरेको सिफारिस पत्र र लक्षित समुह छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा छात्रवृत्ति छनोटका लागि **Online** आवेदन भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सिफारिस गरिएको शिक्षण संस्थामा भर्ना भइ सक्नुपर्नेछ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी भर्ना निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम विद्यार्थीले पेश गरेका प्रमाणपत्रहरु रुजु गरी भर्ना गर्नु/ गराउन हुन अनुरोध छ । तोकिएको मिति र समय भित्र भर्ना हुन नआई कोटा रिक्त रहे भर्ना हुन नआएका विद्यार्थीको नाम, अनुमति नं, लक्षित वर्ग समुह तथा रिक्त कोटा सहित उल्लेख गरी भर्ना म्याद सकिएको ३ दिनभित्र यस प्रदेश कार्यालयको ईमेल ठेगाना **infoctevtprov1@gmail.com** र सोको वोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय **(oce.ctevt@gmail.com)** मा अनिवार्य रुपमा पठाउनुहुन समेत अनुरोध छ । नतिजा परिषद् कार्यालयको वेभ साईट : **www.ctevt.org.np** तथा परिषद् प्रदेश कार्यालयको वेभ साईट : **www.ctevtp1.org.np** मा हेर्न हुन अनुरोध छ ।

निर्देशक